# सिस्ने गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०७७

**प्रस्तावनाः**

सिस्ने गाउँपालिका भित्र खासगरी स्वास्थ्य सेवाको पहुँचबाट टाढा रहेको वासिन्दालनई स्वास्थ्य सेवामा सर्वसुलभ पहुच पुर्याउनका लागि एम्बुलेन्स सेवा संचालनलाई पारदर्शी सरल भरपर्दो र व्यवस्थित गर्न तथा एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकोले सिस्ने गाउँपालिकको देहायको कार्यविधि २०७७ को दफा ४ बमोजिम सिस्ने गाउँपालिकाले देहायको कार्यविधि जारी गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नामः एम्बुलेन्स सेवा सञ्चालन कार्याविधि २०७७ रहेको छ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाको स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क) एम्बुलेन्स भन्नाले विरामी ओसार्ने स्वीकृत प्राप्त गरेको वहान सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण चालक र परिचारिका समेतलाई जनाउँछ।

ख) चालक भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनु पर्छ।

ग) गाउँपालिका भन्नाले सिस्ने गाउँपालिकालाई सम्झनु पर्छ।

घ) सेवा शुल्क भन्नाले एम्बुलेन्स प्रयोग गरेवापत सेवाग्राहीले बुझानु पर्ने गरि समितिले तोकेको शुल्क सम्झनु पर्छ।

ङ) समिति भन्नाले दफा ३ बमोजिम गठित एम्बुलेन्स सेवा व्यवस्थापन समिति सम्झनु पर्छ।

च) सेवा भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सम्झनु पर्छ।

**३. एम्बुलेन्स सेवा व्यवस्थापन समितिः** **(३.१)** एम्बुलेन्स सेवा सञ्चालनको व्यवस्थापन अनुगमन तथा रेखदेख तथा मर्मत सम्भार गर्न देहायका पदाधिकारीहरु रहेको एक गाउँपालिका स्तरिय एम्बुलेन्स सेवा व्यवस्थापन समिति रहनेछः-

| | |
|---|---|
| क) प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| ख) उपाध्यक्ष | सदस्य |
| ग) गाउँपालिका इन्जिनियर | सदस्य |
| घ) सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| ङ) गाउँपालिकाका बर्थिङ सेन्टरका नर्सिङ स्टाप मध्य एक | सदस्य |

च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

(३.२) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिन्छ।

(३.३) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ तर त्रैमासिक समयमा कम्तिमा पनि एक पटक बस्नेछ। समितिको बैठक भत्ता गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

(३.४) समितिको बैठक सम्बन्धि अन्य व्यवस्था सिस्ने गाउँ कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

**४. समितिको काम कर्तव्य र अधिकारः** (४.१)समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क) एम्बुलेन्स सेवा पारदर्शी सरल भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गरे नगरेको अनुगमन गर्ने आवश्यकता अनुसार मर्मत सम्भार गर्न ब्यबस्था मिलाउने ।

ख) चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने । यस निर्देशिका अनुसारको आचार सहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसहिंता पालना गर्न लगाउने ।

ग) एम्बुलेन्स सेवाको बारेमा कुनै गुनासो तथा उजुरी आएमा सो को सुनुवाई तथा व्यवस्थापन गर्ने ।

घ) एम्बुलेन्सको निश्चित मापदण्डको आधारमा भाडा निर्धारण गर्ने । एक पटक निर्धारण भएको भाडा दुई वर्ष नपुगी पुनरावलोकन गर्न नपाईने ।

ङ) सरोकारवाला तथा अन्य संघ सस्थाहरु विच आवश्यकता अनुसार एम्बुलेन्स सेवा बारे समिक्षा बैठक गर्ने ।

च) गाउँपालिकाको विशिष्टतालाई ध्यानमा राखी एम्बुलेन्स सेवा सञ्चालनको लागि आवश्यक थप मापदण्ड बनाउने ।

छ)चालकले अनुसूची बमोजिम सेवा शुल्क लिई बैक कोषमा दाखिला गरे नगरेको समय समयमा निरिक्षण गर्ने।

ज) चालकले पद रिक्त हुन गएमा गाउँ कार्यपालिकालाई जानकारि गराउने ।

(४.२) समितिको सदस्य-सचिवले सेवा प्रवाह स्थितिको अद्यावधिक विवरण प्रत्येक वर्षको आषाढ मसान्तमा गाउँकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

**५. सेवा शुल्क सम्बन्धि व्यवस्थाः** (५.१) एम्बुलेन्स सेवा प्रयोग गर् वापत सम्बन्धित सेवाग्राहीले अनुसूची १ मा उल्लेख भए अनुसारको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ ।

(५.२) एम्बुलेन्स सेवा वापत उठेको रकम गाउँपालिकाले एक अलग बैंक खाता/कोष खडागरि त्यसमा जम्मा गर्नेछ । कोष वा खाता समितिको निर्णय बमोजिमका व्यक्तिहरुको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ ।

(५.३) सेवा शुल्क वापत लिइने रकमको असुलीको लागि गाउँपालिकाले नगदी रसिद छपाई उपलब्ध गराउनेछ । नगदी रसिदको अभिलेख/नियन्त्रण खाता गाउँपालिकामा राखीने छ ।

(५.४) सेवा दिए वापत लिईने सेवा शुल्क नगदि रसिद काटी बैंक खातामा जम्मा गर्ने जिम्मेवारी सम्बन्धित चालकको हुनेछ ।

(५.५) कोषको रकम गाउँ कार्यपालिकाले स्वीकृत गरेको वार्षिक कार्ययोजना अनुसार मात्र खर्च गर्न पाईने छ। कोषको रकम सामान्यतया इन्धन, एम्बुलेन्सको मर्मत सम्भार र एम्बुलेन्समा रहने अति आवश्यक औषधि तथा सामग्रीको खरिदमा खर्च गरिनेछ।

**६. चालकको नियुक्ति र सेवा सुविधा**ः (६.१) एम्बुलेन्स सेवा सञ्चालनको लागि गाउँ कार्यापालिकाले योग्यता पुगेको चालक सेवा करारमा नियुक्ति गर्नेछ।

(६.२) चालकको सेवा सुविधा दफा -३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ।

(६.३) चालकको रु. २ लाख सम्मको दुर्घटना विमा गरिनेछ। विमाको प्रिमियम वापतको रकम यसै निर्देशिका बमोजिम कोषबाट व्यहोरिने छ।

(६.४) चालकले पालना गर्नु पर्ने आचार संहिता अनुसूची-२ बमोजिम हुनेछ।

**७. एम्बुलेन्स रहने स्थान सो को मर्मत संभार**ः(७.१) एम्बुलेन्स सिस्ने गाउँ कार्यपालिकाले तोकेको स्थानमा रहनेछ।

(७.२) एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको र समितिको हुनेछ।

**८. विविध**ः(८.१) एम्बुलेन्समा रहने न्यूनतम सेवा सुविधा तथा औषधीको विवरण अनुसूची-३ बमोजिम हुनेछ।

(८.२) एम्बुलेन्स सवार विरामी, विरामीको आफन्त तथा स्वास्थ्यकर्मीको विमाको दायित्व सेवाग्राही स्वयंको हुनेछ।

(८.३) यस निर्देशिकामा आवश्यकता अनुसार संशोधन र हेरफेर समितिको सिफारिसमा गाउँ कार्यपालिकाले गर्न सक्नेछ।

## अनुसूची-१

## दफा-५ सँग सम्बन्धि सेवा शुल्क

क) सुत्केरी व्यथा लागेको सिस्ने गाउँपालिका भित्रका सबै महिलाहरुका लागि सिस्ने गाउँपालिका भित्रका वर्थिङ सेन्टरसम्म लैजादा र फर्काउँदा निशुल्क हुनेछ।

ख) सिस्ने गाउँपालिका भित्रका वर्थिङ सेन्टरले रेफर गरेका सबै सुत्केरी व्यथा लागेका र कुनैपनि कारणले मातृ तथा जन्मेको २८ दिन भित्रका नवशिशुको मृत्यु हुनसक्ने अवस्था भनी वर्थिङ सेन्टरले रेफर गरेको अवस्थामा पनि निशुल्क हुनेछ।

ग) सिस्ने गाउँपालिका भित्रका वर्थिङ सेन्टरले रेफर गरेका तर सुत्केरी व्यथा नलागेका र मातृमृत्युको जोखिम पनि नभएका आमाहरुका लागि निशुल्क एम्बुलेन्स सेवा उपलब्ध हुने छैन।

घ) अन्य रुकुमकोट भ्याली भित्रका विरामीहरुको लागि तपशिल बमोजिम हुनेछ।

१. रुकुमकोट भ्याली भित्र र धौलापैरा सम्म रु. ५००/-

२. रुकुमकोट देखि धाउने, खोपिचार, ह्याप्ला, चोताबारी सम्म रु. ८००/-

३. रुकुमकोट देखि बालुवा, दुधिल्लागैरा सम्म रु.१०००/-

ङ) गाउँपालिका भन्दा बाहिरका कच्ची बाटोमा प्रति किलोमिटर रु. १००/- र पक्की बाटोमा प्रति किलोमिटर रु. ७५/- का दरले भाडा दर कायम गरिएको छ।

च) गाउँपालिका भित्रका स्वास्थ्य संस्थाले रेफर गरेको अभिलेख चालकले राखि समिति समक्ष पेश गर्नुपर्नेछ।

छ) कुनै पनि व्यक्तिले विरामीको अभिनय गरि एम्बुलेन्सको दुरुपयोग गरेको प्रमाणित भएमा उल्लेखित भाडा दरको ५ दोब्बर बराबर हुन आउने रकम असुल उपर गरिने छ।

## अनुसुचि २
## (दफा ६ को उपदफा (३) सँग सम्वन्धित)
## एम्वुलेन्स चालकले पालना गर्नुपर्ने आचार संहिता

१. एम्वुलेन्स सञ्चालन निर्देशिका २०७७ लाई पूर्णतया पालना गर्नुपर्ने।
२. आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा ईमान्दारिता र विश्वसनियता कायम गर्दै समितिसंग पूर्ण रुपले बफादार रही आफनो पेशाको मान मर्यादामा खलल पुग्ने काम गर्न नहुने।
३. मादक पदार्थ सेवन गरि एम्वुलेन्स चलाउनु नहुने।
४. विरामिको ओसार-प्रसार तथा उपचार गर्ने क्रममा विरामि तथा विरामिको परिवारलाई सधै सम्मान पूर्वक व्यवहार गरि उच्च स्तरीय सेवा प्रदान गर्नुपर्ने।
५. आफूले लिएको निर्णएहरुमा आफ्नै व्यतिगत रुपमा जिम्मेवारी र जवाफदेही हुनुपर्ने।
६. आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने।
७. कुनै पनि विरामिलाई ओसार प्रसार गर्नु अघि उसको बारेमा प्रयाप्त जानकारी लिई उपचारमा सहयोग गर्नु पर्ने।
८. विरामिलाई बिच बाटोमा छाड्न नहुने।
९. आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा विरामिहरुवाट पाएको जानकारी तेस्रो पक्षलाई खोल्न नहुने तर कानूनी र पेशागत दायित्व निर्वाह गर्न वा विरामिको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको वारेमा जानकारी दिन सक्ने।
१०.अस्पताल पूर्व सेवा एम्वुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउनु पर्ने।
११.आफूले उचित देखेको विरामिको गुणस्तरीय सेवामा सकारात्मक प्रभाव पार्न राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने।
१२.नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसार-प्रसार नगर्ने। प्रचलित कानुनको पालना गर्नुपर्ने।

म........................................(नाम) ..........................................................ठेगाना ........................ना.प्र. नं. ..........................जिल्ला ड्राईभिङ्ग लाईसेन्स नं ............................ ले माथिको उल्लेखित आचार संहिता अध्ययन गरेको छु।

....................................जिल्ला ..................................................संस्थाको एम्वुलेन्स चलाउँदा मैले यो आचार संहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहिछाप गरेको छु।

| | |
|---|---|
| चालकको: | रोहवरमा प्रमानित गर्ने व्यक्तिको |
| दस्तखत: | दस्तखत: |
| मिति: | नाम/पद: |
| | मिति: |
| | कार्यालयको छाप |

# अनुसूचि ३

## (दफा- ८ को उपदफा (१) संग सम्वन्धित)

ग वर्गको Common Life Support (CLS) एम्वुलेन्समा हुनुपर्ने औसधि तथा उपकरणको विवरण

१. प्राथमिक उपचारका सामानहरु ( Betadine, Gauze, Bandage, Sissor, Blade Paracetamol 500 mg tab, Metronidazole 400mg, Antacid tab, Handplast, Gloves sterile & non sterile, Shop,सुत्केरी सामग्री, Clean water

२. Oxygen cylinder, Flow meter/mask जडित वा जरुरी परेमा राख्न सकिने

३. Stretcher

४. Torchlight

५. Driver with basic training in first aid and emergent medicine.